National News : 27th February 2026

आकाशवाणी

**मुख्य समाचार**

१) प्रधानमन्त्री नरेन्द्र मोदी द्वारा दिल्लीमा विकसित भारतका लागि प्रविधि, सुधार र वित्त" विषयमा आयोजित बजेट पछिको  वेबिनारलाई सम्बोधन ।

2) भारतीय अर्थव्यवस्थामा चालू वित्त वर्षको तेस्रो त्रैमासिक अवधिमा सात दसमलव आठ प्रतिशतको ( ७.८%) वृद्धि

3) भारत-अमेरिका अस्थायी व्यापार समझौतामा देशको कृषि, लघु र मध्यम उद्यम क्षेत्रको हितलाई सर्वोपरि राखिएको  वाणिज्य मन्त्री पीयूष गोयलको अभिव्यक्ति

**अनि**

4) आईसीसी पुरुष टी20 विश्व कप अन्तर्गत  इंग्लैंड र न्यूजीland  बीचको मैच कोलम्बोको आर. प्रेमदासा स्टेडियममा अहिले 7 बजे देखि शुरु

-------------

**प्रधानमंत्री : वेबिनारलाई सम्बोधन**

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ ,  सरकारले प्रक्रियाहरूलाई सरल ,सुगम , व्यापार र प्रविधि आधारित सुशासनको विस्तार गर्ने काम गरिरहेको छ, जसले देश सुधारको गतिलाई अझै बढाएको छ। उहाँले भन्नुभयो  यस गतिलाई कायम राख्न नीतिगत लक्ष्य मात्र नभई उत्कृष्ट कार्यान्वयनमा पनि ध्यान दिनु आवश्यक छ।

आज "विकसित भारतका लागि प्रविधि, सुधार र वित्त" विषयमा आयोजित बजेट पछिको वेबिनारलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, सुधारहरूको मूल्यांकन केवल घोषणाहरूको आधारमा नभई जमीनी स्तरमा तिनको प्रभावको आधारमा गरिनुपर्छ। उहाँले  ए, आई, ब्लॉकचेन र डेटा एनालिटिक्सको व्यापक उपयोग मार्फत पारदर्शिता, गति र जवाबदेही बढाउन जोड दिनुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, विगत एक दशकमा सरकारले संरचना विकास विशेष ध्यान दिएको छ। सरकारले यो निर्णय गम्भीर सोंचका साथ लिएको हो कि भारतको विकास, राजमार्ग, रेलवे, विमान पत्तन , डिजिटल नेटवर्क र विद्युत प्रणालीला जस्ता ठोस सम्पदा तयार गरेर सम्भव हुनेछ, यस कारण सार्वजनिक पूँजीगत व्ययमा निरन्तर वृद्धि गरिँदै आएको छ।

## राष्ट्रिय बजेट : एक नीतिगत रूपरेखा

प्रधानमन्त्रीले भन्नुभएको छ, राष्ट्रिय बजेट कुनै अल्पकालीन व्यापारिक दस्तावेज मात्र होइन,यो एक नीतिगत रूपरेखा हो। उहाँले भन्नुभयो बजेटको मूल्यांकन शेयर मार्केट र आयकर प्रस्तावहरूमा मात्र सिमित छैन बजेटको प्रभावकारिताको आकलन ठोस र महत्वपूर्ण मापदण्डहरूमा गरिनुपर्छ।

श्री मोदीले भन्नुभयो ११ वर्षअघि बजेटमा केवल दुई लाख करोड रुपैयाँ छुट्याइएको थियो भने, नवीनतम केन्द्रीय बजेटमा यो रकम १२ लाख करोड रुपैयाँ भन्दा बेसी छ।

श्री मोदीले भन्नुभयो वेबिनार, विचारहरूको आदानप्रदानको मंच मात्र नभई यसलाई मंथन सत्रमा बदल्नुपर्छ। जब उद्योग, शिक्षा जगत, विश्लेषक र नीति निर्माता एकसाथ मिलेर सोच्दछन्, योजनाहरूको कार्यान्वयन राम्रो हुनका साथ् यसले सटीक परिणाम प्रदान गर्दछ ।

## भारतीय ( ७.८%) वृद्धि

भारतीय अर्थव्यवस्थामा चालू वित्त वर्षको तेस्रो त्रैमासिक अवधिमा सात दसमलव आठ प्रतिशत को ( ७.८%) वृद्धि भएको छ। वर्ष २०२५-२६ को अवधिमा वास्तविक सकल घरेलू उत्पाद वृद्धि दर ७.६% रहने अनुमान गरिएको छ, जबकि २०२४-२५ मा यो ७.१% थियो।

सांख्यिकी एवं कार्यक्रम कार्यान्वयन मन्त्रालयले २०२२-२३ लाइ आधार वर्ष मानेर वार्षिक र त्रैमासिक अनुमानहरूको नयाँ श्रृंखला जारी गरेको छ। मन्त्रालयले चालू वित्त वर्षमा समग्र आर्थिक प्रदर्शन मुख्य रूपमा दोस्रो त्रैमासिक अवधिमा ८.४% र तेस्रो त्रैमासिक अवधिमा ७.८% को बलियो वास्तविक वृद्धिका कारण रहेको बताएको छ।

विनिर्माण क्षेत्रले वित्तवर्ष २०२३-२४ र २०२५-२६ मा दोहोरो अंकको वृद्धि दर हासिल गरेको छ। व्यापार, होटल, परिवहन, सञ्चार र प्रसारण तथा भण्डारणसँग सम्बन्धित सेवा क्षेत्रले वर्ष २०२५-२६ मा स्थिर मूल्यमा १०.१% को वृद्धि दर हासिल गरेको छ।

## राष्ट्रपति द्रौपदी मुर्मु

राष्ट्रपति द्रौपदी मुर्मुले आज जैसलमेर वायुसेना स्टेशनमा स्वदेशी लडाकू हेलिकोप्टर 'प्रचंड'मा उडान गर्नुभयो । यो उडान अनुभवी वायुसेना पाइलटहरूद्वारा संचालित गरिएको थियो र यसमा स्वदेशी प्लेटफर्मका उन्नत विशेषताहरू र युद्ध तत्परता सम्बन्धि प्रक्रियाको प्रदर्शन गरिएको थियो। लडाकू हेलिकोप्टर 'प्रचंड' उच्च उचाइमा हुने अभियानका लागि तयार गरिएको हो र यसले वायुसेनाको युद्ध क्षमतामा महत्वपूर्ण वृद्धि गरेको छ।

राष्ट्रपति मुर्मुले यस क्रममा वायुसेनाका वरिष्ठ अधिकारीहरूसँग कुराकानी गर्नुभयो र भारतको स्वदेशी रक्षा विनिर्माण पारिस्थितिकी तंत्रलाई मजबुत बनाउनमा संलग्न वैज्ञानिक, इन्जिनियर र कर्मचारीहरूको प्रयासको प्रशंसा गर्नुभयो ।

## भारत-अमेरिका समझौतामा पीयूष गोयलको अभिव्यक्ति

वाणिज्य एवं उद्योग मन्त्री पीयूष गोयलले भन्नुभएको छ, भारत-अमेरिका अस्थायी व्यापार समझौतामा देशको कृषि, लघु र मध्यम उद्यम क्षेत्रको हितलाई सर्वोपरि राखिएको छ। उहाँले भन्नुभयो यस समझौतामा किसान, दुध उत्पादक, कुखुरा पालक , मत्स्य पालक र हस्त कर्घा क्षेत्रसँग सम्बन्धित सबै संवेदनशील मुद्दाहरूलाई ध्यानमा राखिएको छ।

## सर्वोच्च न्यायालय: पश्चिम बंगाल

सर्वोच्च न्यायालयद्वारा  पश्चिम बंगालमा मतदाता सूचिहरूको विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियामा तैनाथ न्यायिक अधिकारीहरूका लागि निर्वाचन आयोगको प्रशिक्षण मोड्युल सम्बन्धमा पश्चिम बंगाल सरकारको आपत्तिमा विचार गर्न अस्वीकार गरेको छ।

सर्वोच्च न्यायालयका मुख्य न्यायाधीशले भन्नुभयो कि न्यायिक अधिकारीहरू आफ्नो निर्णय लिनेमा सक्षम छन् र कुनै पनि कुराबाट प्रभावित हुने छैनन्।

## प्रधानमन्त्री नरेंद्र मोदीद्वारा भोलि राजस्थानको भ्रमण

प्रधानमन्त्री नरेंद्र मोदी भोलि राजस्थानको भ्रमण गर्नुहुनेछ , यस भ्रमणका क्रममा उहाँले सोल्ह हजार छ सय अस्सी (१६,६८०) करोड  रुपैयाँ भन्दा बढीको विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ । यी परियोजनाहरूमा शहरी विकास, पेयजल आपूर्ति, सडक, सिंचाई, ऊर्जा र औद्योगिक बुनियादी ढाँचा जस्ता प्रमुख क्षेत्रहरू समेटिएका छन्

यस क्रममा, प्रधानमन्त्रीले १४ वर्षीय किशोरीहरुका  लागि ह्युमन पापिलोमावायरस (HPV) टीकाकरण अभियानको सुरुवात गर्नुहुनेछ

यसका अतिरिक्त प्रधानमन्त्रीले  राजस्थानका विभिन्न सरकारी विभाग र संगठनमा नव नियुक्त२१ हजार आठ सय भन्दा बढी युवाहरूलाई  नियुक्ति पत्र पनि वितरण गर्नुहुनेछ ।

## आज नौसेनामा चौथो पनडुब्बी

आज नौसेनामा चौथो पनडुब्बी विरोधी जलपोत अन्जदीप  समावेश गरिएको छ। नौसेनाका  प्रमुख एडमिरल दिनेश त्रिपाठीको उपस्थितिमा चेन्नई बन्दरगाहमा यो पोतलाई सेवामा समावेश गरिएको हो।

नौसेनाले बताए अनुसार स्वदेशमा  निर्मित ७७ मिटर लम्बाई  रहेको र यसको निर्माणमा ८० प्रतिशत भन्दा बढी स्वदेशी उपकरण  जडान गरिएका छन्

## अब अन्तराष्ट्रिय प्रसंग :

पाकिस्तानका रक्षा मन्त्री ख्वाजा आसिफले अफगानिस्तानविरुद्ध खुला युद्धको घोषणा गरेका छन्। पाकिस्तानले काबुल, कंधार र पक्तियामा हवाई हमला गरेको छ, जसमा अफगान तालिबानका १३३ जेहादी मारिएका छन्। उता, तालिबानले ५५ पाकिस्तानी सैनिक मारिएको दाबी गरेको छ

यस मामिलामा, संयुक्त राष्ट्र महासचिव अन्तोनियो गुतेरसले कूटनीतिक माध्यमबाट समाधान खोज्न पाकिस्तान र अफगानिस्तानलाई आग्रह गरेका छन्।

## क्रिकेट

आईसीसी पुरुष टी20 विश्व कप सुपर 8 ग्रुप 2 अन्तर्गत इंग्लैंड र न्यूजील्ड बीचको मैच कोलम्बोको आर. प्रेमदासा स्टेडियममाअहिले साँझ , 7 बजे देखि चलिरहेको छ ।

अहिले .................................टस जितेर ले ..............ब्याटिंग/बल्लिंग

गर्दैछ . .............................ले ब्याटिंग/बल्लिंग गरि रहेछ

हिजो राति चेन्नईमा सम्पन्न एक महत्वपूर्ण सुपर आठ मैचमा, भारतले जिम्बाब्वेलाई 72 रनले हराएको थियो। भारतको अघिल्लो भिडन्त आइतवार कोलकाताको ऐतिहासिक ईडन गार्डन्समा वेस्टइन्डिज सँग हुनेछ। टी20 विश्व कपको सेमीफाइनल 4 र 5 मार्चमा हुनेछ, र यसको फाइनल खेल 8 मार्चमा खेलिनेछ .

**मौसम सम्बन्धि समाचार**

मौसम विभागले अरुणाचल प्रदेश, असम, मेघालय, केरल र माहेमा भोलि सम्म तीव्र  वर्षा हुने अनुमान गरेको छ। आइतबार सम्म पश्चिम बंगालको उप-हिमालय क्षेत्र र सिक्किममा तीव्र  हावा चल्ने अनुमान गरिएको छ।

--------